"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुवाधारा, इलाम
## Ilam Municipality
## Office of the Municipal Executive

☎प्रमुख/ उप प्रमुख ...........
का.अ./लेखा ५२००६०
योजना/प्रशासन ५२००६५
दमकल/खानेपानी ५२००३०
फ्याक्स नं. ५२००३१

१ नं. प्रदेश, नेपाल

**इलाम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, इलामको**
**इलाम अस्पतालको लागि रासन सिदा खरिद ठेक्कासम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**(मिति २०७५/१०/१५)**

सार्वजनिक खरिद (संशोधनसहित) ऐन, २०६३ को दफा ४० र ४२ तथा सार्वजनिक खरिद (संशोधनसहित) नियमावली, २०६४ को नियम ८४ र ८९ अनुसार इलाम अस्पतालको रासन सिदा खरिदको लागि २०७५ माघ महिनादेखि २०७६ पौष मसान्तसम्म १ (एक) वर्षका लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले स्थायी लेखा नं. लिएका वा मू.अ.क. मा दर्ता भएका इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी वा सँस्थाहरु सम्वन्धित सबैमा निम्न शर्तको अधिनमा रही रीतपूर्वक शिलवन्दी दरभाउपत्र आह्वानका लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | ठेक्काको किसिम | लागत अनुमान रकम | दरभाउपत्र फाराम दस्तुर | जमानत (विडवण्ड) | कैफियत |
|---|---|---|---|---|---|
| १/०७५/०७६ | रासन सिदा खरिद ठेक्का | ७,९९,४०९।५० | १०००।०० (एकहजार) | २०,०००।०० | |

शर्तहरु

१. दरभाउपत्र फाराम रु १०००।०० (एकहजार) (फिर्ता नहुने) वुझाई १५ (पन्ध्रौ) औं दिन कार्यालय समयभित्र यस कार्यालयवाट खरिद गर्न सकिनेछ र दरभाउपत्र फारामसाथ रासन सिदाको किसिम, गुणस्तर र रासन सामग्रीको विवरण उपलब्ध गराइनेछ।
२. यस कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत नभएको दरभाउपत्रलाई मान्यता दिइने छैन र छायाँप्रति/फोटोकपी गरेको दरभाउपत्र फाराम स्वीकार्य हुने छैन।
३. शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको १.०० वजेभित्रमा यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ र शिलबन्दी दरभाउपत्र सोही दिनको २.०० वजे शिलबन्दी दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो समयमा दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि गरिनेछ।
४. दरभाउपत्र फाराम स्थायी लेखा नं. लिएका वा मु.अ.करमा दर्ता भएका नेपाली नागरिक, फर्म वा कम्पनि, संस्थालाई मात्र दिने व्यवस्था भएकोले फाराम खरिद गर्दा सम्वन्धित व्यक्ति, फर्म वा कम्पनी, संस्थाले कर चुक्ता प्रमाणपत्र र नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।
५. दरभाउपत्र फाराम साथ ने.बै.लि.इलाम स्थित यस कार्यालयको धरौटी खाता नं.०४००३०००००००००३००००४३ मा नगद दाखिला गरेको जमानत रकमको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त क वर्गको बैकबाट इलाम न.पा.को नाममा जारी गरिएको कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको विडवण्ड पेश गर्नु पर्नेछ।
६. शिलवन्दी दरभाउपत्रको खाममा ठेक्काको नाम, नम्वर र दरभाउपत्रदाताको नाम, ठेगाना र मोवाइल नं. स्पष्ट उल्लेख गर्नु पर्नेछ।
७. दरभाउपत्र फाराम भर्दा आफुले कवोल गरेको अङ्क र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। कुनै व्यहोरा सच्याइएमा सच्याएको ठाउमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
८. यस कार्यालयको बाँकी बक्यौता रकम नवुझाउने व्यक्ति, फर्म वा संस्थाको दरभाउपत्र स्वीकृत हुने छैन।
९ ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर शुल्क आदि ठेकेदार स्वयम्ले वुझाउनु पर्नेछ,।
१०. ठेक्का गर्दा कुनै वाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालयवीच विवाद भएमा प्रचलित ऐन, नियम एवम् सम्झौताको परिधिभित्र रही नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।
११. ठेक्का स्वीकृतपश्चात संझौताको लागि आफूले कवोल गरेको रकमको ५ प्रतिशत रकम यस कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा ने.रा. बैंकबाट स्वीकृति प्राप्त क वर्गको बैंकबाट इलाम नगरपालिकाको नाममा जारी गरिएको कम्तीमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ।
१२. शिलबन्दी दरभाउपत्रसाथ खाद्य सामग्रीको नमूना समेत पेश गर्नु पर्नेछ र ठेक्का स्वीकृत भएको व्यक्तिले बिरामीहरुलाई आवश्यक पर्ने दैनिक परिमाण अनुसारको खाद्य सामग्रीहरु नमूना बमोजिम उपलब्ध गराउनु पर्नेछ, यसमा मूल्यबृद्धि रकम दिइने छैन।
१३. दरभाउपत्र पूरै वा आंशिक रुपमा स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१४. यस ठेक्कासम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ। कार्यालयको सम्पर्क फोन नं.०२७ ५२००६५ रहेको छ।

इलाम नगरपालिका,
नगर कार्यपालिकाको कार्याल, इलाम।